

ओशोको प्रेममा जीवन र संस्कृति बीचको सम्बन्ध

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४७९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

स्वच्छ शहर: स्वस्थ शहर

- युवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएकको स्थानमा मात्र फोहोर फालौं,



- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौं: सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष-२१ ❑ अंक - २७५ ❑ २०८३ कात्तिक १७ गते मंगलबार ❑ Tuesday, 3 Nov. 2026 ❑ मूल्य ७ /-

दमकमा भूमि समस्या समाधानमा बहस पुर्जा वितरण गर्ने तयारी

✎ खगेन्द्र कार्की

दमक/ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको भूमि समस्या समाधानका लागि दमक नगरपालिकाले प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । यसका लागि आइतबार नगरपालिकाको सभाहलमा बसेको नगर सहजीकरण समितिको बैठकले देखिएका कानुनी, प्राविधिक तथा प्रशासनिक समस्या समाधान गर्दै धनीपुर्जा वितरणको कामलाई तीव्रता दिने निर्णय गरेको हो ।

नगरपालिकाको भूमि समस्या समाधान शाखाले उपलब्ध गराएको प्रगति विवरणअनुसार दमकमा हालसम्म ६ हजार ४४३ जनाको विवरण प्रणालीमा प्रविष्ट भएको छ । त्यसमध्ये ५६८ जना भूमिहीन दलित, दुई हजार ४५६ जना भूमिहीन सुकुम्बासी र तीन हजार ३३१ जना अव्यवस्थित बसोबासी छन् । यसअघि तिनै मध्येका प्रविष्ट हुन छुटेका ८८ जनाको विवरणसमेत पछिल्लो समय प्रणालीमा समावेश गरिएको हो ।

नगरपालिकाका अनुसार १० वटै वडामा लगत संकलन तथा प्रमाणीकरणका लागि फाराम भर्ने काम अन्तिम चरणमा पुगेको छ । अनुसूची-१ र अनुसूची-१७ मा विवरण प्रविष्ट गर्ने काम सम्पन्न भएको छ भने दाबीविरोधका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने प्रक्रियासमेत अघि बढाइएको छ । वडा नं. १० का अव्यवस्थित बसोबासीलाई पुर्जा वितरण गर्न आवश्यक प्राविधिक प्रक्रिया पूरा गरी जिल्ला समितिमा पठाइसकिएको छ ।

बैठकमा निवेदनसम्बन्धी विभिन्न जटिलता पनि उठेका थिए । फाराम भर्न छुटेका व्यक्ति, निवेदन दिएर निस्सा प्राप्त गरेपछि मृत्यु भएका आवेदकका परिवार, तथा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि छुट्टाछुट्टै भर्नुपर्ने फाराम गलत वर्गमा भरिएका व्यक्तिको हकमा कसरी प्रक्रिया अघि बढाउने भन्ने विषयमा छलफल भएको थियो ।

त्यसैगरी, विगतमा नापीबाट दफा ६(५) अनुसार जग्गाधनी प्रमाणपुर्जा पाएका, जग्गाको कर तिरिरहेका तर पुनः आयोगमा निवेदन

बाँकी ४ पेजमा ▸▸

स्थानीय तहको प्रगतिप्रति मन्त्री रावल असन्तुष्ट



दमक/ दमक-८ मा भूमिहीन तथा जग्गाधनी पुर्जा नभएका स्थानीयका गुनासा सुन्दै भूमि व्यवस्था मन्त्री प्रतिभा रावलले उनीहरुका समस्या समाधानका लागि सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताएकी छन् । कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेल, जिल्ला प्रहरी प्रमुख एसपी वसुन्धरा खड्कालगायतको सहभागिता रहेको थियो ।

यसअघि चन्द्रगढीमा झापाका सिडियो पोखरेलसहित स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा भएको छलफलमा मन्त्री रावलले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधानमा स्थानीय तहले गरेको प्रगतिबारे जानकारी लिएकी थिइन् । स्थानीय तहबाट प्रस्तुत प्रगति विवरणप्रति सन्तुष्ट हुन नसकेको बताउँदै मन्त्री रावलले काम अघि बढाउन देखिएका बाधा र अड्चन पहिचान गरी समाधान गर्न

बाँकी ४ पेजमा ▸▸

मासुको मूल्य नबढाउन नपाको चेतावनी

दमक/ दमकमा मासु तथा खाद्यान्नको मूल्य नबढाउन दमक नगरपालिकाले कडा चेतावनी दिएको छ । चाडपर्वको समयमा बजारमा बिक्री-वितरण भइरहेका मासुलगायत उपभोग्य वस्तुहरुको स्वच्छता, गुणस्तर र मूल्यमा एकरूपता कायम गर्न नगरले मासु व्यवसायीलाई चेतावनी दिएको हो । सो सम्बन्धमा देखिएका समस्यालाई सम्बोधन गर्न दमक नगरपालिकामा बजार व्यवस्थापनसम्बन्धी महत्वपूर्ण छलफल तथा बैठक सम्पन्न भएको छ ।

दमक नगरपालिकाको सभाहलमा सोमबार बसेको बैठकको अध्यक्षता नगरप्रमुख रामकुमार थापाले गरेका थिए । बैठकमा उपप्रमुख रेगिना भट्टराई प्रसाईं, कर्मचारी, सुरक्षा निकायका अधिकारी, विभिन्न संघ-संस्थाका पदाधिकारी तथा सम्बन्धित सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

बैठकमा चाडपर्वका बेला बजारमा देखिन सक्ने मूल्यवृद्धि, मासुलगायत खाद्यवस्तुको स्वच्छता तथा गुणस्तर, अव्यवस्थित व्यापार र उपभोक्ता हित संरक्षणका विषयमा छलफल गरिएको थियो । छलफलपछि बजारलाई व्यवस्थित, स्वच्छ र उपभोक्तामैत्री बनाउने उद्देश्यले विभिन्न निर्णय गरिएको छ ।

बैठकले गरेका निर्णयअनुसार हाल कायम रहेका सबै प्रकारका मासुको मूल्य यथावत् राखेर बिक्री-वितरण गर्नुपर्नेछ । दीपावली र छठ पर्वपछि दमकका सम्पूर्ण मासु व्यवसायीसँग आवश्यक छलफल गरी थप निर्णय गरिने जनाइएको छ ।

त्यस्तै, सम्पूर्ण खाद्यान्न तथा उपभोग्य वस्तुमा मूल्य वृद्धि नगरी व्यवसाय सञ्चालन गर्नुपर्ने, व्यवसाय स्थलभन्दा बाहिर फुटपाथ वा सडक अवरुद्ध हुने गरी व्यापार गर्न नपाइने र व्यवसाय दर्ता गर्दा तोकिएको स्थानमा मात्र व्यवसाय सञ्चालन गर्नुपर्ने निर्णय गरिएको छ ।

बैठकले गैरकानुनी रूपमा भन्सार छली गरी ल्याइएका फूलगायतका वस्तु तथा प्लास्टिकजन्य फूल

बाँकी ४ पेजमा ▸▸

'राजा सहितको हिन्दु राष्ट्र अपरिहार्य'



दमक/ पूर्व उपप्रधान मन्त्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता कमल थापाले राजा सहितको हिन्दु राष्ट्र निर्माणको अभियानमा एकढिक्का भएर लाग्न कार्यकर्तालाई आग्रह गरेका छन् । उनले राजादेखि सबै राजनीतिक शक्तिहरु अटाउन सक्ने राजनीतिक प्रणाली निर्माण अपरिहार्य भएको बताएका छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी दमक नगर समितिले सोमबार दमकमा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेता थापाले मुलुकमा राष्ट्रिय मेलमिलाप, सुशासन र राजनीतिक स्थायित्वको

बाँकी ४ पेजमा ▸▸

लागुऔषध सम्बन्धी प्रदेश स्तरीय कार्यक्रमको तयारी

दमक/ लागुऔषध नियन्त्रण, रोकथाम तथा सचेतना अभियानलाई प्रभावकारी बनाउन दमक नगरपालिकाले कोशी प्रदेशस्तरीय बृहत् कार्यक्रम गर्ने तयारी गरेको छ ।

नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा नगरपालिकाको सभाहलमा बसेको लागुऔषध नियन्त्रण दमक नगरस्तरीय समितिको बैठकले चालु आर्थिक वर्ष २०८३/०८४ का लागि लागुऔषध नियन्त्रण, रोकथाम, सचेतना तथा उपचार अभियानको कार्ययोजना बनाएर कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

बैठकमा उपप्रमुख रेगिना भट्टराई प्रसाई, प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराई, सुरक्षा निकायका प्रमुख, वडाध्यक्ष तथा विभिन्न सरोकारवालाको सहभागिता थियो ।

बैठकले अनुकूल समय मिलाएर कोशी प्रदेशका मुख्यमन्त्रीको प्रमुख आतिथ्यतामा लागुऔषध नियन्त्रणसम्बन्धी बृहत् प्रदेशस्तरीय कार्यक्रम आयोजना गर्ने निर्णयसमेत गरेको छ ।

नगरप्रमुख थापाले लागुऔषधको समस्या कुनै एक व्यक्ति वा परिवारको मात्र नभई समाज र समग्र समुदायको चुनौतीका रूपमा देखिएकाले यसको नियन्त्रणका लागि सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताए ।

उनले भने, "लागुऔषध नियन्त्रणका लागि सचेतना, रोकथाम र उपचारलाई सँगसँगै अघि बढाउनुपर्छ । स्थानीय तह, सुरक्षा निकाय, विद्यालय, अभिभावक र समुदायबीच समन्वय

बाँकी ४ पेजमा ▸▸

डा. केसीलाई हेलिमार्फत काठमाडौं लगियो

दमक/ इलाममा मेडिकल कलेज स्थापनासहित विभिन्न मागहरू राख्दै २५औं सत्याग्रहमा रहेका डा. गोविन्द केसीलाई उपचारका लागि काठमाडौं लगिएको छ ।

सोमबार बिहान ९ बजे नेपाली सेनाको हेलिकप्टरमार्फत इलामबाट काठमाडौं लगिएको हो । इलामको सदरमुकामस्थित नारायणस्थान मन्दिर परिसरमा सत्याग्रहमा बसेका डा. केसी स्वास्थ्यमा समस्या देखिएपछि सत्याग्रहको तेस्रो दिन नै इलाम अस्पताल भर्ना भएका थिए । इलाम अस्पतालमा आवश्यक उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौं पठाइएको जिल्ला अस्पताल इलामका मेडिकल सुपरिटेन्डेन्ट डा. अमिताभ ठाकुरले जानकारी दिए ।

आयातित फूल नियन्त्रण गर्न झापा जिल्ला प्रशासनको निर्देशन



दमक/ जिल्ला प्रशासन कार्यालयले स्वदेशी उत्पादनलाई प्राथमिकता दिने उद्देश्यले अवैध रूपमा आयातित फूल र प्लास्टिकबाट निर्मित कृत्रिम फूल नियन्त्रणमा लिन सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले सार्वजनिक सूचना जारी गर्दै स्वदेशी सिर्जनशीलता र उद्यमशीलतालाई प्रोत्साहित गर्न गैरकानुनी रूपमा फूलको आयातलाई रोक लगाइएको बताए ।

खुला सीमाको फाइदा उठाउँदै तिहार, छठ लगायतका पर्वमा ठूलो मात्रामा खपत हुने फूल भारतबाट अवैध रूपमा आयात हुँदै आएको थियो । प्रशासनको

बाँकी ४ पेजमा ▸▸

ARAMBHA COMPUTER
Damak, Jhapa

आरम्भ कम्प्युटर प्रा. लि.

दमक ६ मिसि मार्केट (मेनरोड)

के तपाई ल्यापटप कम्प्युटर प्रिन्ट सिसि टिभि फ्रिज वासिङ्ग मिसिन एसि किन्ने सोचमा हुनु हुन्छ वा बिगेर हैरान हुनुहुन्छ ?

समाधानको लागि हामीलाई सम्झनुहोस् !

हाम्रा सेवाहरु

ल्यापटप | कम्प्युटर | प्रिन्टर | CCTV | फ्रिज | वासिङ्ग मिसिन | ए.सी.

गुणस्तरीय सामान | द्रुत तथा मर्मतपूर्ण मर्मत सेवा | वारेन्टी सहितको सेवा | अनुभवी प्राविधिक द्वारा सेवा

सम्पर्क गर्नुहोस् आजै ! ०२३-५७६२४६ ९८५२६७६२४६

प्रविधिसम्बन्धी सम्पूर्ण समाधानका लागि आजै सम्पर्क गर्नुहोस् ।

सम्पादकीय

गाँजा खेतीलाई नियमनको दायरामा ल्याउन आवश्यक

नेपालमा गाँजा खेतीलाई कानुनी मान्यता दिने विषय लामो समयदेखि बहसमा छ । यसैबीच सर्वोच्च अदालतले औषधीय, वैज्ञानिक अनुसन्धान तथा औद्योगिक प्रयोजनका लागि गाँजाको खेती, उत्पादन, प्रशोधन र बिक्री वितरणलाई नियमनसहित व्यवस्थित गर्न सरकारका नाममा परमादेश जारी गरेको छ । यो फैसला गाँजाप्रतिको परम्परागत निषेधात्मक सोचबाट बाहिर निस्केर सम्भावना र चुनौतीलाई तथ्यका आधारमा मूल्यांकन गर्ने अवसर हो ।

गाँजालाई केवल लागू औषधका रुपमा हेरेर यसको सम्पूर्ण सम्भावनालाई निषेध गर्नु उपयुक्त हुँदैन । औषधि निर्माण, वैज्ञानिक अनुसन्धान, कृषि तथा विभिन्न औद्योगिक उत्पादनमा गाँजाको उपयोग हुन सक्छ । नेपालका पहाडी क्षेत्रमा प्राकृतिक रुपमा उम्रिने गाँजाबाट हुने अवैध कारोबारलाई समेत कानुनी नियमनमा ल्याउन सकिए राज्यको निगरानी, राजस्व र स्थानीय समुदायको आर्थिक अवसर विस्तार हुन सक्छ । तर यसको अर्थ गाँजाको अनियन्त्रित खेती र प्रयोगलाई छुट दिनुपर्छ भन्ने होइन ।

सर्वोच्च अदालतले तीन महिनाभित्र आवश्यक नियमावली, मापदण्ड र कार्यविधि बनाउन सरकारलाई दिएको आदेशलाई गम्भीरतापूर्वक लिनुपर्छ । अदालतको फैसलाको मर्मअनुसार अनुमतिपत्र, खेती क्षेत्र निर्धारण, उत्पादनको अभिलेख, भण्डारण, प्रशोधन, बिक्री वितरण तथा निकासी पैठारीसम्म स्पष्ट नियमन आवश्यक छ । उत्पादनदेखि बजारसम्म राज्यको प्रभावकारी निगरानी नभए गाँजाको वैधानिक उपयोगको नाममा अवैध कारोबार र दुरुपयोग बढ्न सक्छ ।

यसका लागि सरकारले हतारमा निर्णय गर्नेभन्दा विज्ञ, किसान, उद्योगी, स्वास्थ्यकर्मी, अनुसन्धानकर्ता र स्थानीय समुदायसँग पर्याप्त छलफल गर्नुपर्छ । गाँजाको औषधीय उपयोगबारे वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिनुपर्छ । खेती गर्ने किसानलाई तालिम, प्रविधि, बजार र कानुनी सुरक्षाको व्यवस्था गर्नुपर्छ । साथै गुणस्तर परीक्षण, उत्पादनको प्रमाणीकरण र नियमन गर्ने सक्षम संस्थागत संयन्त्र निर्माण गर्नुपर्छ ।

विशेषगरी गाँजा उत्पादन हुने पहाडी क्षेत्रका किसानले यसबाट वास्तविक आर्थिक लाभ पाउने वातावरण बनाउन आवश्यक छ । बिचौलिया र अवैध कारोबारमा संलग्न समूहको नियन्त्रणमा बजार पुग्न नदिन राज्यले स्पष्ट नीति बनाउनुपर्छ । स्थानीय उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्न सकिन्छ ।

यद्यपि सर्वोच्चको फैसलाले मनोरञ्जनात्मक प्रयोगलाई वैधानिकता दिएको होइन । त्यसैले औषधीय तथा औद्योगिक उपयोग र मनोरञ्जनात्मक प्रयोगबीच स्पष्ट कानुनी सीमा कायम गर्नुपर्छ । किशोरकिशोरीको संरक्षण, जनस्वास्थ्य र सामाजिक सुरक्षालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

अब सरकारका लागि बहाना बनाउने समय छैन । सर्वोच्चको आदेश कार्यान्वयन गर्दै वैज्ञानिक आधार, पारदर्शिता र प्रभावकारी नियन्त्रणसहित नीति निर्माण गर्नु आवश्यक छ । गाँजालाई अवैध कारोबारको विषय मात्र बनाएर राख्ने कि नियमनमार्फत कृषि, उद्योग, अनुसन्धान र अर्थतन्त्रको सम्भावनासँग जोड्ने भन्ने निर्णय अब सरकारको जिम्मेवारी हो ।

गायिका लोचन भट्टराईलाई स्रष्टा सम्मान



इटहरी । राष्टिय जागृति क्लब इटहरीले यस वर्षको स्रष्टा सम्मान गायिका लोचन भट्टराईलाई प्रदान गर्ने भएको छ । नेपाली गीतसंगीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै क्लबले कात्तिक २० गते आयोजना गर्ने नगरस्तरीय लोकनृत्य तथा स्रष्टा सम्मान कार्यक्रममा भट्टराईलाई सम्मान गर्न लागेको हो ।

कागतिहारका दिन इटहरी-९ स्थित जनता माध्यमिक विद्यालयको खेलमैदानमा दिउँसो ४ बजेदेखि कार्यक्रम सञ्चालन हुने क्लबले जनाएको छ ।

कार्यक्रममा गायिका भट्टराईका चर्चित गीतहरु 'टाढा टाढा नभई जाऊ तिमी', 'भेट भयो आज मनको चाहनाले', 'माया गरेको चोखो माया पनि देखियो', 'आजको दिन कम छैन रमाइलो छिन', 'खोटाङ जिल्ला दिक्तेल बजार', 'हे दाजै नसताऊ नारीमा' र 'रिटिङ रिटिङ नबजाऊ बिनायो' लगायत प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

स्रष्टा सम्मानका अतिरिक्त खेलकुद, पत्रकारिता र शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने प्रतिभाहरूलाई समेत कार्यक्रममा सम्मान गरिनेछ ।

कार्यक्रम संयोजक देवी गौतम रविनका अनुसार स्थानीय कला, संस्कृति र प्रतिभाको प्रवर्द्धन गर्ने उद्देश्यले क्लबले हरेक वर्ष कागतिहारका दिन नगरस्तरीय लोकनृत्य तथा स्रष्टा सम्मान कार्यक्रम आयोजना गर्दै आएको छ ।

क्लबका अध्यक्ष केशव कार्कीले स्थानीय प्रतिभाको पहिचान र प्रोत्साहनसँगै कला तथा संस्कृतिको संरक्षण गर्ने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिइएको बताए । खेलकुद क्षेत्रमा सक्रिय क्लबले सांस्कृतिक कार्यक्रममार्फत पनि स्थानीय प्रतिभालाई उचित सम्मान र अवसर प्रदान गर्ने लक्ष्य राखेको उनको भनाइ छ ।

ओशोको प्रेममा जीवन र संस्कृति बीचको सह सम्बन्ध



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

महिला र पुरुष एक अर्काका पूरक र सहयोगी हुन् । महिला र पुरुषलाई स्वेच्छाले आफ्नो यौन साथी रोज्ने र परित्याग गर्ने स्वतन्त्रता हुनु पर्दछ । शरीर र मन लाई दमन र नियन्त्रण गरेर मानिसले न त सुख पाउँछ ,र न त शान्ति नै पाउँछ । पुरुष र महिला जब एक अर्का प्रति आकर्षित हुन्छन् तथा स्वयं प्रेरणाले नै परस्पर प्रेम सुत्रमा बाँधिन्छन् र सम्भोगरत अवस्थामा चरम सुखको अनुभूति गर्दछन् तब मात्र समाधिको स्थितिमा प्राप्त गर्दछन, तथा मनभित्र पूर्ण शान्ति भएको अनुभव गर्दछन् ।

ओशो धर्म र विचारका प्रतिपादक आचार्य रजनीशले सेक्स गुरुको रुपमा आँ नो दार्शनिक विचारलाई दुनियाँका अगाडि राख्दै ओशो मतको प्रतिपादन गरे । उनले आँ ना प्रगतिशील उत्तर आधुनिक विचार र अभिजात्य तथा सम्भ्रान्त जीवन दर्शनलाई सुखवादी(हेडोनिस्टिक) दर्शनको रुपमा प्रस्तुत गरे । धार्मिक मान्यताहरुले संसारमा मानिसहरुलाई पाप र पुण्यको कुरोमा अल्झाएर डराउन मात्र सिकाए, प्रेम गर्न सिकाएनन, काम वासनालाई नियन्त्रण गर्न मात्रै सिकाए काम वासनालाई जीवन र आनन्दको विषयवस्तु बनाउन दिएनन् । पितृसत्तात्मक संयुक्त परिवार प्रणालीले महिलाहरुलाई आँ नै शरीर, मन र भावनामाथि पनि व्यक्तिगत स्वतन्त्रता र अधिकारलाई सुरक्षित राख्न दिएनन् । मन पराएको व्यक्ति सँग प्रेम गर्नु कुनै अक्षम्य पाप र अपराध होइन ।

महिला र पुरुष बीच शारीरिक सम्बन्ध कायम हुनु पनि कुनै अनैतिक र अधार्मिक कार्य होइन । यो हरेक प्राणी भैँ मानव जातिको पनि जैविक र शारीरिक आवश्यकता हो । परस्पर सहमतिबाट स्थापित भएको कुनै पनि किसिमको प्रेम सम्बन्ध अवैध र गलत हुन सक्दैन । महिला र पुरुष एक अर्काका पूरक र सहयोगी हुन् । महिला र पुरुषलाई स्वेच्छाले आँ नो यौन साथी रोज्ने र परित्याग गर्ने स्वतन्त्रता हुनु पर्दछ । शरीर र मन लाई दमन र नियन्त्रण गरेर मानिसले न त सुख पाउँछ ,र न त शान्ति नै पाउँछ । पुरुष र महिला जब एक अर्का प्रति आकर्षित हुन्छन् तथा स्वयं प्रेरणाले नै परस्पर प्रेम सुत्रमा बाँधिन्छन् र सम्भोगरत अवस्थामा चरम सुखको अनुभूति गर्दछन् तब मात्र समाधिको स्थितिमा प्राप्त गर्दछन, तथा मनभित्र पूर्ण शान्ति भएको अनुभव गर्दछन् । आचार्य रजनीशका यस्ता विचारहरुले युवा पुस्तामा नयाँ तरङ्ग नै ल्याइदिएको छ । रजनीशको विचारमा मानिसको मृत्यु भएपछि धर्म र पाप सबै कुरो सकिन्छ । त्यस कारणले पाप र पुण्य तथा स्वर्ग, नर्क र ईश्वर सत्य होइनन् । त्यसैले ईश्वर पाउनका लागि र ईश्वरलाई खुशी पारेर वरदान पाउनका लागि ऋषि र ब्राह्मणहरुले बनाएका नियमहरु, ब्रह्मचर्य बस्नु,व्रत बस्नु, उपवास बस्नु, शरीरलाई कष्ट दिनु,तीर्थ यात्रा गर्नु आदि इत्यादि जस्ता सामाजिक प्रचलनहरु तथा पारम्परिक कार्यहरूलाई ओशो मतका सन्यासी र सन्यासीनीहरुले मूर्खता पूर्ण कार्य तथा अन्धविश्वास भन्दै खिल्ली उडाउँदै गरेको पाइन्छ । मोज मस्ती गर्नु र यौन आनन्द बाट नै जीवनमा सुख र शान्ति प्राप्त गर्नु ओशो मतको मूल विचार रहेकोले उच्च आयवर्गका महिला र पुरुष तथा उच्च शिक्षित बुद्धिजीवी वर्गका युवा युवतीहरूले मात्र ओशो रजनीशको मूल भाव र विचार लाई स्वीकार गरि रहेका देखिन्छन् तथा आँ नो जीवन र व्यवहारमा पनि त्यसलाई प्रयोग र अभ्यास गरिरहेका भेटिन्छन् ।

नेपाल र भारत जस्तो परम्परावादी समाजमा विवाहलाई एउटा अत्यन्त पवित्र धार्मिक र सामाजिक संस्कार मानिए पनि संसार नै पश्चिमेलीकरण हुँदै जाने बाटोमा तीव्रग्रम्मा अगाडि बढी रहेको हुँदा शहरी क्षेत्रका युवा पुस्ता लिभ इन रिलेशनशिपमा जान बढी उत्सुक भइरहेका देखिन्छन् । आधुनिकीकरण र सहरीकरणले गर्दा मानिस एक्लिँदै गइरहेका छन्, ,विरक्तिएका छन् र मानिस अत्याधिक तनावमा बाँच्न बाध्य बन्दै गइरहेका छन् । यस्तो अवस्थामा मेन्टल सेक्स, फिजिकल हेल्थ, सेक्स हेल्थ, फ्री सेक्स, फ्री लभ, सेक्स इज्जोइमेन्ट, सेक्स थेरापी, डिप्रेसन, ब्लड प्रेसर, काम उन्माद, आदि जस्ता शारीरिक र मानसिक विकृति र समस्याहरु पनि बढ्दै गइरहेका छन तथा मानिसहरु शान्तिको खोजीमा ओशो कम्युनतर्फ जान प्रेरित भइरहेका भेटिन्छन् । मानिसको मनभित्र कुण्ठित भावनाको विकास हुँदै जानु, निराशा बढ्दै जानु, सुरक्षाको अनुभूति न हुनु,महिला स्वन्तन्त्रता न हुनु,लगायतका मानसिक ,शारिरिक र भावनात्मक समस्याहरुको निदानका लागि खास गरेर युवा उमेरका महिला र पुरुषहरुको ओशो आश्रम प्रति ठूलो लगाव र आकर्षण भएको पाइन्छ, ।

ओशोको अहोभावमा प्रेम सम्बन्ध स्वतस्फुर्त र आनन्दको भावनाले स्थापित हुन्छ र प्रेम भावना रहुन्जेलसम्म मानिसको मनभित्र आनन्द र उमङ्गको सागर बगिरहन्छ । संसारको कुनै पनि धर्म, दर्शन, मिमांसा र कानुनले प्रेममा बाँधिएका मनहरुलाई अपराधी भैँ पापको भागी बनाउनु हुँदैन र दण्डित गर्नु हुँदैन । तर एउटा परम्परावादी समाजमा विवाह गर्ने उमेर पुगेका युवा युवतीहरुले विवाह नै नगरी शारीरिक सम्बन्ध कायम गर्नुलाई अनुचित मानिन्छ । मनु महाराजले आँ नो पुस्तक मनु स्मृतिमा एउटी बालिका बाल्यकालमा आँ नो पिताको अधीनमा बस्नुपर्दछ र युवावस्थामा आँ नो पतिको अधीनमा बस्नुपर्दछ तथा वृद्धावस्थामा आँ नो छोराको अधीनमा रही बस्नुपर्दछ र महिलाहरुलाई जीवनमा पूर्ण स्वतन्त्रता कहिले पनि दिनु हुँदैन भनेर खुलेरै लेखेका छन् । तर ओशोले यस्ता कुराहरु माथि ठूलो असहमति जनाइरहेका भेटिन्छन् । परमात्मालाई अनुभव मात्र गर्न सकिने हुनाले यो मानिसको मनभित्रको एउटा विशेष ज्ञानको अवस्था हो । स्वतन्त्र यौन सम्बन्ध बाट परम आनन्द र शान्ति प्राप्त हुन्छ । घर परिवार, समाज वा संस्थाको कुनै स्वीकृति नै नलिई आफैले रोजी रोजी प्रेम सम्बन्ध स्थापित गरी यौन समागम गरेमा परमानन्द अर्थात् समाधि को अवस्था पनि प्राप्त हुने र प्रेम नै परमात्मा हो भन्ने कुराको बारेमा सहज बोध पनि हुने अवस्थालाई रजनीशको ओशो दर्शनको मूल विचार मानिन्छ । ओशोको यस्तै खाले प्रवचनहरु सुनेर ओशो प्रेमीहरुले ओसोलाई भगवानको दर्जा प्रदान गरेका छन् ।

ओशोले यौन स्वतन्त्रताको बारेमा आँ ना पुस्तकहरुमा खुलस्त रुपमा लेखेका छन । ओशोको विचारमा अहिलेको परिवर्तित परिस्थिति र सन्दर्भमा खुल्ला प्रेम सम्बन्धको विरोध गर्ने परिवार, समाज, मूल्य ,मान्यता, परम्परा, रीति रिवाज, विवाह, धार्मिक प्रचलनहरु जस्ता कामै नलाग्ने रुढीवादी संस्था र विचारहरु लाई युग सुहाउँदो ढंगले रुपान्तरण गर्नु जरुरी छ । प्रविधिको विकाससँगै मानिसहरुको मनोसामाजिक चिन्तन र व्यवहारमा पनि नयाँपन ल्याउनु जरुरी छ ।

यथास्थितिवादी र परम्परावादी समाजले मानव समाजलाई स्वतन्त्रतापूर्वक अगाडि बढ्न दिएनन् । महिला र पुरुष बीचको स्वन्तन्त्रता र प्रेम भावना लाई समाजले महत्त्व दिएनन । नारीहरु दासी मात्र भए प्रेमिका हुन सकेन ।जसको कारणले गर्दा मानव समाज दिनप्रतिदिन कुण्ठित जीवन बाँच्न बाध्य हुँदै गयो र शक्तिहीन हुँदै गयो । विश्वका ठुलठुला धर्मगुरु, दार्शनिकहरु तथा सन्त महात्माहरुले भनेका कुराहरूलाई मानिसहरुले सही तरिकाले बुझ्न र मनन गर्न सकेन । त्यसकारणले प्रेम छोपिँदै गयो र घृणा बढ्दै गयो जसको परिणामस्वरुप समाजमा असमानता, भेदभाव र द्वेष, तथा अशान्ति बढ्दै गरेको देखियो तथा संसारमा युद्ध, लुटपाट, हत्या, बलात्कार र हिंसा जस्ता आपराधिक कृत्य हरुमा वृद्धि हुँदै गयो । मानिस कृत्रिम जीवन बाँच्न विवश भए । देशलाई नेतृत्व गर्ने राजनीतिक वर्गहरुले पनि नारी स्वतन्त्रता र धार्मिक सांस्कृतिक क्रान्तिको आवश्यकतालाई बुझ्न सकेनन् । त्यसकारणले संसारमा ओशो प्रेमीहरुले यौन स्वन्तत्रतामा आधारित नयाँ ओशो धर्मकू आवश्यकता लाई बुझेर ओशो ध्यान केन्द्र र ओशो कम्युनहरु खडा गर्न थालेका हुन् ।

बुद्धकै जस्तो बहुजन हितायय बहुजन सुखायका लागि मानव समाजलाई एउटै किसिमको सामाजिक प्रणालीभित्र आबद्ध गर्नु जरूरी छ, किनभने मानव स्वतन्त्रता तथा महिला र पुरुष बीचको पूर्ण स्वतन्त्रता नै संसारको अधिकांश समस्याहरुको समाधान हो । ओशो मतको प्रेमपथ र ओशो अहोभावले नै संसारलाई आनन्दको स्वर्गमा रुपान्तरण गर्न सक्दछ । ओशोको विचारमा भावनात्मक रुपले परिपक्व युगल जोडीहरुको सेक्सुअल डिजायर लाई सन्तुष्टिको अनुभूति हुनु नै समाधिको अवस्थामा पुग्नु हो अर्थात् फ्रम सेक्स टु कन्सियसनेसको अवस्थालाई प्राप्त गर्नु हो तथा ईश्वरलाई साक्षात्कार गर्नु सरह हो भने हिन्दु सनातन संस्कारका परम्परावादी विचारकहरु तथा धर्मगुरुहरुले ओशोलाई छोरी चेलीहरुलाई चरित्रहीन बनाउने, पतिपत्नी बीच असामान्जस्य पैदा सामाजिक संस्कृतिक विकृति फैल्याउने तथा धार्मिक मूल्य मान्यता र विश्वासमाथि अनास्था फैल्याउने, समाज विरोधी तत्व र फ्रायड वादी दार्शनिकको रुपमा लिँदै कडा आपत्ति जनाइरहेका भेटिन्छन् ।

प्रजनन् स्वास्थ्यमा धेरै महिलाको आङ खस्ने समस्या

धरान । सुनसरीको धरानमा सञ्चालित महिला प्रजनन स्वास्थ्यसम्बन्धी एकीकृत स्वास्थ्य शिविरमा तीन दिनमा २२३ जना महिलाले सेवा लिएका छन् । शिविरमा परीक्षण गरिएका महिलामध्ये ९८ जनामा आङ खस्ने समस्या, पाँच जनामा पाठेघरको मुखको क्यान्सरको पूर्वअवस्था देखिएको छ भने १०६ जनाको पाठेघरको मुखको क्यान्सर परीक्षणका लागि नमुना संकलन गरिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सुनसरी, धरान उपमहानगरपालिका र करुणा फाउन्डेसन नेपालको संयुक्त आयोजनामा पहिलोपटक धरानबाट एकीकृत महिला प्रजनन स्वास्थ्य शिविर सुरु गरिएको हो । धरान(११ स्थित स्वास्थ्य केन्द्रमा तीन दिनसम्म सञ्चालन गरिएको शिविरमा महिलाहरुको पाठेघरको मुखको क्यान्सर, स्तनमा गाँठागुँठी, आङ खस्ने, पिसाब चुहिने, निःसन्तानपन तथा प्रजनन नलीको सङ्क्रमणलगायतका समस्या परीक्षण गरिएको थियो ।

शिविरमा पहिलो दिन ५२, दोस्रो दिन ९३ र तेस्रो दिन ७८ जना महिलाले सेवा लिएको जिल्ला स्वास्थ्य कार्यालय सुनसरीकी पब्लिक हेल्थ नर्स मिलन घिमिरेले जानकारी दिइन् । उनका अनुसार प्रजनन नलीको सङ्क्रमणसमेत धेरै महिलामा देखिएको छ ।

शिविरमा सामान्य समस्या लिएर आएका महिलाहरुको विस्तृत परीक्षण गर्दा विभिन्न जटिल स्वास्थ्य समस्या फेला परेको स्वास्थ्यकर्मीहरुले बताएका छन् । धरान(११ स्वास्थ्य केन्द्रकी स्टाफ नर्स झुमा राईका अनुसार परीक्षणका क्रममा स्तनमा गाँठो, पाठेघर खस्ने, पिसाब थैली तल झर्ने र निःसन्तानपनजस्ता समस्या पहिचान भएका छन् । पाठेघरको मुखको परीक्षण गर्दा करिब १० जनामध्ये एकदेखि दुई जनासम्ममा क्यान्सरको जोखिम देखिन सक्ने अवस्था भेटिएको उनले बताइन् ।

समस्या पहिचान भएका महिलाहरुलाई आवश्यक उपचार उपलब्ध गराउनुका साथै थप उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने व्यवस्था मिलाइएको छ । धरान उपमहानगरपालिकाकी नर्सिङ अधिकृत दीपा अधिकारीका अनुसार आङ खस्ने समस्या भएका महिलालाई धरान अस्पतालमा निःशुल्क शल्यक्रियाको व्यवस्था गरिएको छ । जटिल अवस्थाका बिरामीलाई कोशी अस्पताल विराटनगर, इनरुवा अस्पताललगायतका स्वास्थ्य संस्थामा सिफारिस गरी निःशुल्क उपचारको व्यवस्था मिलाइएको उनले बताइन् ।

२० वर्ष वा सोभन्दा माथिका महिलालाई लक्षित गरी सञ्चालन गरिएको शिविरमा स्वास्थ्यकर्मीलाई दुई दिनको तालिम दिएपछि सेवा सुरु गरिएको थियो । शिविरमा स्वास्थ्य इतिहास संकलन, स्क्रिनिङ, थप परीक्षण, सङ्क्रमणको उपचार तथा आवश्यकतानुसार भिडियो एक्सरे सेवा उपलब्ध गराइएको थियो ।

अधिकारीका अनुसार यसअघि पाठेघरको मुखको क्यान्सरमा मात्र केन्द्रित शिविर सञ्चालन हुँदै आएकोमा यसपटक पाँच प्रकारका प्रजनन स्वास्थ्य समस्यालाई समेटेर एकीकृत सेवा प्रदान गरिएको हो । उपचारपछि औषधिको असरबारे जानकारी दिने र १५ दिनपछि पुनः परीक्षण तथा फलोअप गर्ने व्यवस्था पनि गरिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सुनसरीले धरानका २० वटै स्वास्थ्य संस्थाबाट नियमित परीक्षण, उपचार र आवश्यकताअनुसार रेफर गर्ने व्यवस्था मिलाउने जनाएको छ । साथै एकीकृत प्रजनन स्वास्थ्य सेवा सुनसरीका १२ वटै स्थानीय तहमा विस्तार गर्ने योजना रहेको घिमिरेले जानकारी दिइन् ।

बालविवाह अन्त्य गर्न लक्षित प्रयास आवश्यक



दमक । नेपालमा विगत एक दशकमा बालविवाहको दर घटे पनि सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य हासिल गर्न अझ तीव्र र लक्षित प्रयास आवश्यक रहेको युनिसेफको प्रतिवेदनले औंल्याएको छ । विशेषगरी गरिब तथा सीमान्तकृत समुदायका बालिकाहरु अझै बालविवाहको उच्च जोखिममा रहेकाले उनीहरुको शिक्षा, संरक्षण र सशक्तीकरणमा लगानी बढाउनुपर्ने प्रतिवेदनको निष्कर्ष छ ।

युनिसेफले अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा सार्वजनिक गरेको 'नेपालमा बालविवाह अन्त्यका लागि : एक दशकको तथ्यांक र एक आह्वान' नामक पैरवी प्रतिवेदनले बालविवाह न्यूनीकरणमा भएको प्रगति र विद्यमान चुनौती उजागर गरेको हो ।

प्रतिवेदनअनुसार १८ वर्ष नपुग्दै विवाह भएका २० देखि २४ वर्ष उमेर समूहका महिलाको अनुपात सन् २०१४ मा ३७ प्रतिशत रहेकामा सन् २०२४ (२५ मा घटेर २८ प्रतिशत पुगेको छ । त्यस्तै, १५ वर्षअघि विवाह हुने दर पनि १० प्रतिशतबाट घटेर पाँच प्रतिशतमा झरेको छ । पहिलो विवाहको औसत उमेर सन् २००१ मा १७ वर्ष रहेकामा २०२४-२५ मा बढेर १९.६ वर्ष पुगेको छ ।

यद्यपि बालविवाह घट्ने दर सबै आर्थिक तथा सामाजिक समूहमा समान छैन । सबैभन्दा विपन्न परिवारका किशोरीमा धनी परिवारका किशोरीको तुलनामा १८ वर्षअघि विवाह हुने सम्भावना ४.४ गुणा बढी रहेको प्रतिवेदनमा उल्लेख छ । विपन्न परिवारमा बालविवाहको दरमा अपेक्षित सुधार नदेखिनुले गरिबी यसको प्रमुख चुनौतीका रुपमा रहेको देखाउँछ ।

युनिसेफका अनुसार जलवायुजन्य विपद्, बाढी र आर्थिक संकटले पनि बालविवाहको जोखिम बढाउन सक्छ । यस्ता विपद्ले बालिकाको पढाइमा अवरोध पुऱ्याउनुका साथै परिवारको आयआर्जनमा असर गर्ने भएकाले जोखिममा रहेका बालिकाहरु थप प्रभावित हुन सक्छन् ।

नेपालका लागि युनिसेफकी प्रतिनिधि एलिस अकुङ्गाले बालविवाह न्यूनीकरणमा उल्लेखनीय प्रगति भए पनि त्यो सबै बालिकासम्म समान रुपमा नपुगेको बताएकी छन् । विशेषगरी विपन्न र सीमान्तकृत समुदायका बालिकालाई बालविवाहबाट जोगाउन थप प्रयास आवश्यक रहेको उनको भनाइ छ ।

प्रतिवेदनले बालविवाह अन्त्यका लागि शिक्षालाई प्रमुख आधार मानेको छ । माध्यमिक शिक्षा पूरा गर्ने बालिकामा बालविवाहको जोखिम कम हुने देखिएकाले किशोरीलाई विद्यालयमा टिकाइराख्ने कार्यक्रम प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ । गरिबी र अन्य सामाजिक समस्याका कारण जोखिममा रहेका बालिकाले बीचमै विद्यालय छाड्ने अवस्था अन्त्य गर्न पनि विशेष कार्यक्रम आवश्यक छ ।

युनिसेफले विपन्न परिवारका बालिकालाई प्राथमिकतामा राख्ने, बाल संरक्षण प्रणाली बलियो बनाउने, नकारात्मक सामाजिक सोच र व्यवहार परिवर्तन गर्ने तथा किशोरीको शिक्षा र सशक्तीकरणमा लगानी बढाउन सरकार र सरोकारवालालाई आग्रह गरेको छ। सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने दिगो विकास लक्ष्य हासिल गर्न अब चार वर्ष मात्र बाँकी रहेकाले सरकारी निकाय, नागरिक समाज, विकास साझेदार र समुदायबीच समन्वय गरी तत्काल प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

व्यक्ति, व्यक्तित्व र विचार

जिम्मेवारीमा दृढ, भविष्यप्रति आशावादी : दमक उपमेयर रेगिना



राजनीतिको मैदानमा सफलता र असफलता दुवै स्वाभाविक छन् । तर असफलताले कसैको आत्मविश्वास कति कमजोर बनाउँछ र कसैको आत्मबल कति बलियो बनाउँछ भन्ने कुरा व्यक्तिको सोच र संस्कारले निर्धारण गर्छ । दमक नगरपालिकाकी उपप्रमुख रेगीना भट्टराई प्रसाईं त्यस्तै पात्र हुन्, जो राजनीतिक यात्रामा केही पीडा बोकेर पनि सम्भावनाका ढोकाहरू बन्द भएको ठान्दिनन् । जिम्मेवारीबाट पछि नहट्ने र अवसर फेरि आउने विश्वास राख्ने उनको स्वभावले उनलाई केवल राजनीतिज्ञका रूपमा मात्र होइन, बहुआयामिक महिलाका रूपमा चिनाउँछ ।

विहानदेखि साँझसम्मका जिम्मेवारी एउटै व्यक्तिका लागि पनि कम हुँदैनन् । तर उनकालागि सार्वजनिक जिम्मेवारी, व्यावसायिक गतिविधि, अध्ययन र पारिवारिक दायित्व जीवनका अलग(अलग पाटा होइनन्, सँगसँगै अघि बढिरहेका यात्राहरू हुन् । स्थानीय सरकारको जिम्मेवारी सम्हाल्दै व्यवसायमार्फत रोजगारी सिर्जना गर्ने र उच्च शिक्षाको तयारीलाई निरन्तरता दिने उनको प्रयासले व्यस्तताबीच पनि आफ्नो लक्ष्य नछाड्ने महिलाको कथा प्रस्तुत गर्छ ।

राजनीतिलाई नजिकबाट बुझ्ने अवसर उनलाई विद्यार्थी जीवनदेखि नै मिल्यो । राजनीतिक परिवेशमा हुर्किएकी रेगीना भट्टराई प्रसाईंका लागि उनका पिता केवल अभिभावक मात्र रहेनन्, राजनीतिक यात्राका प्रेरणास्रोत पनि बने । तर पारिवारिक राजनीतिक विरासतले मात्र उनको परिचय पूरा गर्दैन । नेपाली कांग्रेसको विद्यार्थी राजनीतिबाट सुरु भएको यात्रा, व्यवसायमा संलग्नता, शिक्षा र दमक नगरपालिकाको उपप्रमुखका रूपमा निर्वाह गरिरहेको जिम्मेवारीले उनको आफ्नै पहिचान निर्माण गरेको छ ।

रेगिनाको परिचय एउटा जनप्रतिनिधिमा मात्र सीमित छैन । विद्यार्थी जीवनदेखि नेपाली कांग्रेसको राजनीतिमा सक्रिय उनी शिक्षा, व्यवसाय, सामाजिक सेवा र पारिवारिक जिम्मेवारीलाई एकसाथ अघि बढाइरहेकी महिला हुन् । उनी विद्यावारिधि (पीएचडी) को अन्तिम तयारीमा समेत जुटिरहेकी छन् । तर, स्थानीय सरकारमा काम गर्ने क्रममा उनले अनुभूत गरेका चुनौती र कार्यान्वयन हुन नसकेका योजनाहरूले उनको कार्यकाललाई उपलब्धि र अधुरा सपनाको मिश्रित कथा बनाएका छन् ।

बुधवार विहान उनको निवासमा चियाको चुस्कीसँगै भएको कुराकानीमा रेगिनाले आफ्नो कार्यकालका अनुभव, स्थानीय विकासका प्राथमिकता र आगामी नेतृत्वप्रतिको अपेक्षा खुलस्त राखिन् ।

संघीय संरचनामा स्थानीय तहले नागरिकका समस्या नजिकबाट समाधान गर्ने अवसर पाएको उनको बुझाइ छ । उपप्रमुखको संवैधानिक जिम्मेवारीले महिलाको सशक्तीकरण, न्यायिक निरूपण, राजस्व व्यवस्थापन र अनुगमनजस्ता क्षेत्रमा काम गर्ने अवसर दिएको छ । उनले आफ्नो जिम्मेवारीमा रहेका समितिहरूमार्फत काम गर्ने प्रयास गरिन् । तर, कार्यपालिकाभित्रको राजनीतिक समीकरण र समन्वयको अभावले आफूले सोचेजति काम गर्न नसकेको उनको गुनासो छ ।

"स्थानीय सरकार अल्पमत र बहुमतको आधारमा मात्रै चल्नु हुँदैन । समन्वय, सहमति, सहकार्य र एकअर्काको अस्तित्व स्वीकारेर अघि बढ्नुपर्छ," उनी भन्छिन् ।

नगरप्रमुखसँग पारिवारिक सम्बन्धसमेत रहेकाले व्यक्तिगत सम्मान र संस्थागत जिम्मेवारीबीच सन्तुलन कायम गर्नुपर्ने अवस्था आएको उनले बताइन् । आफूले अघि सारेका कतिपय योजना र कार्यक्रमले अपेक्षित सहयोग नपाएको उनको अनुभव छ । विधयगत समितिहरूमा पर्याप्त सहभागिता नपाएको र केही बैठकमा आफ्नो भूमिकालाई सीमित महसुस गरेपछि काम गर्ने उत्साहमा असर परेको उनी सुनाउँछिन् ।

तर, उनी दमकमा भएका विकासका कामलाई अस्वीकार गर्दिनन् । सामुदायिक विद्यालयका भौतिक संरचना, सडक, भवन तथा शिक्षा स्वास्थ्य क्षेत्रमा प्रगति भएको उनको स्वीकारोक्ति छ । यद्यपि, विकासलाई सडक र भवन निर्माणमा मात्रै सीमित राख्न नहुने उनको धारणा छ । करिब डेढ अर्ब रुपैयाँको बजेट रहेको दमकमा साना शीर्षकमा रकम छर्नेभन्दा दीर्घकालीन परिणाम दिने योजनामा बजेट केन्द्रित गर्नुपर्ने उनी बताउँछिन् ।

उनका योजनाहरूमा बालबालिकाको भविष्य सुरक्षित गर्ने सोच विशेष छ । दमकमा जन्मिने बालबालिकाको जन्मदर्तासँगै बैंक खाता खोलेर नगरपालिकाले प्रारम्भिक रकम जम्मा गरिदिने र परिवार, बैंक तथा बीमासँगको सहकार्यमा बचत बढाउँदै लैजाने उनको प्रस्ताव थियो । यसले बालबालिकालाई उच्च शिक्षा वा भविष्यमा स्वरोजगार बन्न सहयोग पुऱ्याउन सक्ने उनको विश्वास छ । योजना दस्तावेजमा समेटिए पनि कार्यान्वयनमा आउन नसकेकोमा उनलाई खिन्नता छ ।

त्यस्तै, महिलालाई चारदेखि छ महिनासम्म सीपमूलक तालिम दिएर रोजगारी र उद्यमसँग जोड्ने, बैंकसँग सहकार्य गरी सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र प्रारम्भिक ब्याज नगरपालिकाले व्यहोर्ने कार्यक्रम पनि उनको प्राथमिकतामा थिए । तालिम दिएर मात्रै नहुने, त्यसलाई आयआर्जनसँग जोड्नुपर्ने उनको तर्क छ ।

नगरवासीको दैनिक जीवन सहज बनाउने विषयमा पनि उनीसँग अनेक योजना छन् । ठाढाका बडामा एम्बुलेन्स र शववाहनको व्यवस्था, ज्येष्ठ नागरिकका लागि भेटघाट तथा विश्रामस्थल, स्थानीय उत्पादन बिक्रीका लागि रैथाने बजार, नगरभित्र विद्युतीय सवारी सञ्चालन र सार्वजनिक स्थानमा निःशुल्क वाइफाइ उपलब्ध गराउने प्रस्ताव उनले अघि सारेकी छन् । नगरपालिकामा सेवाग्राहीमैत्री प्रतीक्षास्थल, खानेपानीको सहज व्यवस्था र डिजिटल माध्यमबाट छिटो सेवा प्रवाह गर्नुपर्ने आवश्यकतासमेत उनले औंल्याएकी छन् ।

आफ्नो कार्यकालमा केही व्यवस्थापकीय सुधार गर्न सकेको उनी बताउँछिन् । नगरपालिकामा फिल्टर पानीको व्यवस्था गरेपछि पानीको बिलमा उल्लेख्य कमी आएको उनको अनुभव छ । यस्ता साना सुधारले पनि सार्वजनिक खर्च घटाउन र सेवा प्रभावकारी बनाउन सकिने उनको बुझाइ छ ।

यति धेरै योजना हुँदाहुँदै कार्यान्वयन गर्न नसकेको पीडा उनीसँग छ । तर, उनी त्यसलाई अन्तिम हार मान्न तयार छैनन् । राजनीतिक यात्रामा अपेक्षाअनुसार अवसर नपाए पनि अनुभवलाई आगामी दिनका लागि उपयोग गर्न सकिने उनको विश्वास छ ।

उपप्रमुखको जिम्मेवारीपछि नगरप्रमुख बन्ने आकांक्षा स्वाभाविक भएको स्वीकार गर्दै सुझबुझले मात्र अब नचल्ने बताउँछिन । उनी नेतृत्वमा योग्यता, क्षमता, अध्ययन, अनुभव र समर्पण आवश्यक रहेको बताउँछिन् । अबको नेतृत्वले भौतिक विकाससँगै मानव विकास, रोजगारी र प्रविधिमैत्री सेवामा ध्यान दिनुपर्ने उनको सुझाव छ । राजनीतिक यात्रामा चुनौती भोगे पनि रेगिनाको दृष्टि आगामी पुस्तातर्फ छ । "युवा पुस्ता आउनुपर्छ । उनीहरूले यस्ता विषयलाई ध्यान दिनुपर्छ । आवश्यक परे म सहयोग गर्न तयार छु," उनी भन्छिन् ।

अधुरा योजनाको पीडा बोकेर पनि सम्भावनाको ढोका खुले राख्ने उनको यही सोचले एउटा सन्देश दिन्छ।पदको अवधि सकिन सक्छ, तर समाजका लागि केही गर्ने हुटहुटी सकिनु हुँदैन ।

- प्रस्तुति : खगेन्द्र कार्की

नगरपालिकामा फिल्टर पानीको व्यवस्था गरेपछि पानीको बिलमा उल्लेख्य कमी आएको उनको अनुभव छ । यस्ता साना सुधारले पनि सार्वजनिक खर्च घटाउन र सेवा प्रभावकारी बनाउन सकिने उनको बुझाई छ ।





दैनिक राशिफल

आज मिति २०८३ साल कात्तिक १७ गते मंगलबार
3 Nov. 2026
तिथि: नवमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : वत्सलपुस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३५०८८२/९८५७००५१६५

मेष चु चे लो ला लि लैं ले लो अ धन लाभ । प्रेमना सफलता ।	कर्कट चु चे लो ला लि लैं ले लो अ मातापितामा केही समस्या । सामान्य धन लाभ ।	तुला हि हु हे हो डा डि डु डे डो आफन्तजनबाट सहयोग । उतम भोजन प्राप्ती ।	मकर भो जा जी खि खु खे खो गा गी राज्यपक्षको सहयोग । पठन पाठनमा मन जाने ।
वृष इ उ ए ओ वा वि वु वे वो शत्रु बढ्ने । मित्रहरुबाट सहयोग । आर्थिक पक्ष केही सवल ।	सिंह मा मि मु मे मो टा टि टु टे पराक्रम बढेर जाने । आर्थिक पक्ष बलियो होला ।	वृश्चिक तो ना नि नैं ने नो या यि यु अनावश्यक यात्रा । खर्च व्यर्थ बढ्ने ।	कुम्भ गैं गे गो सा सी सैं से सो द धार्मिक कार्यमा सरिक । मनमा शान्ति । आफन्तबाट धोका
मिथुन का कि कु घ ङ छ ङ को अध्ययन क्षेत्रमा रुचि । कामना निकै परिश्रम गर्नुपर्ने ।	कन्या टो प पी पै ष ण ठ पे पो पठन पाठनमा रुचि । गरेका कामहरु सफल ।	धनु य यो भा भी भ धा फा ढ धन लाभ । मन प्रशन्न । सन्तानबाट सुख प्राप्ती ।	मीन दि दु थ झ ञ दे दो चा ची मनमा अशान्ति । सामान्य लाभ । दिन मध्यम रहने ।

देशभर सात हजार ६८८ विपद्का घटना, ४०२ जनाको मृत्यु

दमक/ गत वैशाखदेखि कात्तिक १५ गतेसम्म देशभर सात हजार ६८८ वटा विपद्का घटना भएका छन् । ती घटनामा परी ४०२ जनाको मृत्यु भएको छ भने १७ जना अझै बेपत्ता रहेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सर्पदंश, पहिरो, बाढी, चट्याङ, आगलागी, लेक लाग्ने, जनावरको आक्रमण, हिउँपहिरो, हुरीबतास, भारी वर्षा, डुङ्गा पल्टिने, वन डढेलो, विस्फोटन, असिना र भूकम्पलगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव रामबहादुर केसीका अनुसार उक्त अवधिमा पहिरोका एक हजार ७३५, सर्पदंशका एक हजार ६६८, आगलागीका एक हजार ६४९, भारी वर्षाका ५९३, हुरीबतासका ५३७, बाढीका ४६६, जनावरको आक्रमणका ४१७ र चट्याङका ३३३ घटना भएका छन् ।

त्यस्तै वन डढेलोका १९२, लेक लाग्नेका ७९, हिउँपहिरोका छ, भूकम्पका नौ, असिनाका चार, डुङ्गा पल्टिनेका दुई, विस्फोटनको एक र अन्य पाँच घटना भएका छन् ।

प्राधिकरणका अनुसार विपद्का घटनामा परी सर्पदंशबाट ११६, पहिरोबाट ७७, बाढीबाट ४१, चट्याङबाट ३६, आगलागीबाट ३२, लेक लागेर २७, जनावरको आक्रमणबाट २३, हिउँपहिरोबाट ९९, हुरीबतासबाट १६, भारी वर्षाबाट सात, डुङ्गा पल्टिएर पाँच, वन डढेलोबाट एक, विस्फोटनबाट एक र अन्य घटनामा पाँच जनाको मृत्यु भएको छ ।

विपद्का घटनामा परी हालसम्म दुई हजार ५२९ जना घाइते भएका छन् भने नौ हजार ८५७ परिवार विस्थापित भएका प्राधिकरणको तथ्यांकमा उल्लेख छ । यसैगरी भदौ १० गतेको रसुवाको भोटेकोशीको बाढीको विस्तृत क्षति विवरण प्रणालीमा समाविष्ट गर्न बाँकी रहेकाले यो तथ्यांकमा उल्लेख नगरिएको प्राधिकरणले जनाएको छ ।

बाल सुधार गृहमा प्रहरीको छापा

विराटनगर/ विराटनगर-३ स्थित बाल सुधार गृहमा प्रहरीले छापा मारेर ६ थान मोबाइल फोन बरामद गरेको छ । सुधार गृहमित्र मोबाइल प्रयोग गर्न प्रतिबन्ध रहे पनि त्यहाँ रहेका बालबिज्याईंकर्ताले लुकिछिपी मोबाइल चलाउने गरेको पाइएको हो ।

मोरङ प्रहरीको टोलीले सोमबार बिहान सुधार गृहमा छापा मारेर मोबाइल बरामद गरेको बाल सुधार गृह विराटनगरका प्रमुख सञ्जीव न्यौपानेले जानकारी दिए ।

'प्रशासनबाट नियमित रूपमा चेकजाँच हुने गरेको छ । सोही क्रममा सुधार गृहमित्र रहेका बालबिज्याईंकर्ताले प्रयोग गर्दै आएका मोबाइल बरामद भएका हुन्,' उनले भने ।

मोबाइलसँगै सुधार गृहमित्र सुर्तीजन्य वस्तुसमेत फेला परेको छ । बाल सुधार गृहको सुरक्षाका लागि नेपाल प्रहरीका एक जना प्रहरी सहायक निरीक्षक (सई) को कमान्डमा ११ जना प्रहरी खटिएका छन् । सुरक्षा व्यवस्था हुँदाहुँदै पनि बालबिज्याईंकर्ताका आफन्तले सुरक्षा निकायको आँखा छलेर मोबाइल फोन भित्र पुऱ्याएको हुन सक्ने अनुमान गरिएको छ ।

राजा..... आवश्यकता रहेको बताए । उनले देशको चाहना अनुसार काम नगरे नयाँ उदयमान शक्तिको रूपमा रहेको रास्वपा र बालेन शाह नेतृत्वको सरकार समेत पुरानै राजनीतिक शक्तिहरु जस्तै असफल हुने बताएका छन् ।

कार्यक्रमका विशेष अतिथि पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेले मुलुकको स्वतन्त्र अस्तित्व रक्षाको निमित्त राजा सहितको प्रजातन्त्र नै उत्तम राज्य व्यवस्था प्रणाली हुने बताए ।

कार्यक्रममा दमक नगर समिति, जिल्ला, क्षेत्र र वडाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम नगर सभापति हेम सुवेदीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

दमकमा..... दिएका व्यक्तिको अवस्थाबारे पनि प्रश्न उठेको छ । कतिपय जग्गा अख्तियारको रोकामा रहेको तथा निवेदक विदेशमा रहेका, मृत्यु भएका वा एउटै पालिकाका फरक वडामा जग्गा भएका व्यक्तिको हकमा अपनाउनुपर्ने प्रक्रियाबारे स्पष्टता आवश्यक रहेको नगरपालिकाले जनाएको छ ।

नगरप्रमुख थापाका अनुसार यसअघि वितरण गरिएका धनीपुर्जामध्ये नापी शाखाको प्राविधिक त्रुटिका कारण २६ वटा पुर्जामा कित्ता विवरण तलमाथि परेको पाइएको छ । त्यस्तै, १०१ वटा फाइल दर्ता प्रक्रियामा रहेकाले तिनलाई समेत जतिसक्दो छिटो दुरुस्ताउने निर्णय भएको उनले बताए ।

संघीय सरकारको भूमि सम्बन्धी ऐन, कार्यविधि र निर्देशिकाअनुसार देखिएका समस्या समाधान गर्दै धनीपुर्जा वितरणको काम अघि बढाइने जानकारी दिए । संघीय सरकारको भूमि सम्बन्धी ऐन, कार्यविधि र निर्देशिकाअनुसार समस्या समाधान गरी धनीपुर्जा वितरणको काम अघि बढाइने र तिहारपछि यस प्रक्रियालाई थप सक्रियताका साथ अगाडि बढाउने नगरपालिकाको तयारी रहेको उनले बताए ।

दमक वडा नं. ४ र ५ का फाइलहरू जिल्ला पठाउने तयारी गरिएको छ भने यस अघिनै ३ जनाको जिल्ला पुगिसकेको भूमि समस्या समाधान समिति शाखा प्रमुख धितालले बताईन् ।

आयातित..... निर्देशनपछि फूलको अवैध आयात रोकिने विश्वास गरिएको छ ।

झापामा फूल खेती गर्दै आएका किसानले आयातित फूलका कारण स्वदेशी उत्पादन खेर गइरहेको भन्दै फूलको गैरकानुनी आयातमाथि पूर्ण प्रतिबन्ध लगाउन जिल्ला प्रशासन कार्यालयमा सामूहिक माग गर्दै आएका थिए । 'हाम्रो जिल्लालाई पुग्ने फूल यहींका व्यवसायीले उत्पादन गरिसक्नुभएको छ,' प्रजिअ पोखरेलले भने, 'जिल्लाका युवामा उद्यमशील सोच र संस्कृति मौलाउँदै गएकाले यसपालिको चाडबाडमा स्वदेशी सयपत्री र मखमली फूलकै प्रयोग गरी हाम्रै किसानलाई प्रोत्साहन गर्न सम्पूर्ण जिल्लावासीलाई हार्दिक आग्रह गर्दछु ।'

यस वर्ष झापाका मेचीनगर, बिर्तामोड, दमक, शिवसताक्षी, कनकाई, बुद्धशान्ति लगायतका पालिकाहरूमा दर्जनौं कृषकले व्यावसायिक रूपमा सयपत्री फूलको खेती गरेका छन् । चाडबाडको समयमा घरआँगन सजावट र शृंगारका लागि स्थानीय रूपमा उत्पादित ती प्राकृतिक फूल नै पर्याप्त हुने अनुमान गरिएको छ । प्रचलित कानुनले निषेध गरेका प्लास्टिकका फूल बिक्री-वितरण वा भण्डारण गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिने पनि प्रशासनले स्पष्ट पारेको छ ।

लागुऔषध... गरेर अभियान सञ्चालन गर्न सके मात्रै यसको प्रभावकारी नियन्त्रण सम्भव हुन्छ ।' नगरपालिकाले आगामी आर्थिक वर्षको कार्ययोजनाअनुसार सचेतना विस्तार, लागुऔषधको जोखिम न्यूनीकरण तथा प्रभावित व्यक्तिलाई उपचार र पुनःस्थापनासँग जोड्ने कार्यक्रमलाई प्राथमिकतामा राख्ने जनाइएको छ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
घजाटमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

अन्तर्राष्ट्रिय

बस्तीमाथि विमान खस्यो, सवार सबैको मृत्यु

एजेन्सी/ अमेरिकाको फ्लोरिडामा आइतबार एक व्यावसायिक जेट विमान बस्ती क्षेत्रमा खस्दा विमानमा सवार सबैको मृत्यु भएको छ । विमान नौ जना सवार रहेका बीबीसीले जनाएको छ । अमेरिकी यातायात सचिव सिन डफीका अनुसार 'लेयरजेट ६०' विमान फ्लोरिडाको क्रेस्टहेभन बस्ती नजिक दुर्घटनामा परेको हो । स्थानीय समयअनुसार दिउँसो करिब १२:५० बजे भएको दुर्घटनास्थल राष्ट्रपति डोनाल्ड ट्रम्पको मार-ए-लागो रिसोर्टबाट करिब १४ किलोमिटर टाढा पर्छ ।

अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए)का अनुसार विमान टेक्सासको अस्टिनबाट उडेर बहामासको गन्तव्यतर्फ जाँदै थियो । दुर्घटनापछि सार्वजनिक भएका तस्वीर आवासीय सडकमा ठूलो खाल्डो परेको तथा विमानका टुक्रा, कंक्रिट र अन्य भग्नावशेष छरिएको देखिन्छ । दुर्घटनास्थलमा आगोसमेत लागेको थियो । अमेरिकी सञ्चारमाध्यमका रिपोर्ट तथा उडानसम्बन्धी विश्लेषणअनुसार विमान दुर्घटनाअघि प्रत्येक सेकेन्ड सयौं फिटको दरले तीव्र गतिमा तल झरिरहेको थियो ।

सामाजिक सञ्जालमा सार्वजनिक भएको अपुष्ट भिडियोमा आवासीय सडकमा गाडीहरु गुडिरहेका बेला विमान लगभग ठाडो रूपमा जमिनतर्फ खस्दै ठूलो आगोको मुस्लोसहित विस्फोट भएको देखिन्छ ।

फ्लोरिडाका गभर्नर रन डिसान्टिसले घटनास्थलमा आयोजित पत्रकार सम्मेलनमा उक्त भिडियो हेर्दा दुर्घटना निकै भयावह देखिएको बताए । उनले विमान 'मिसाइल खसेजस्तो' जमिनमा आएको र ठूलो विस्फोटसँगै भग्नावशेष चारैतिर छरिएको बताए । दुर्घटनापछि नजिकैको ट्रेलर पार्कमा बसोबास गर्ने करिब ६०० स्थानीयलाई सुरक्षित स्थानमा सारिएको स्थानीय अधिकारीहरूले बताएका छन् । विमान खस्दा स्थानीय पूर्वाधारमा समेत ठूलो क्षति पुगेको छ । पानीका पाइपलाइनमा क्षति पुगेकाले सडक पुनः सञ्चालन हुन कम्तीमा ३० दिन लाग्न सक्ने अधिकारीहरूले बताएका छन् ।

स्थानीय... सरकार तयार रहेको स्पष्ट पारिन् ।

उनले प्रधानमन्त्री बालेन्द्र शाहले काठमाडौं महानगरपालिकाको नेतृत्वमा रहँदादेखि नै भूमिहीन तथा सुकुम्बासीका समस्यालाई प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै अहिले पनि सरकारले यस विषयलाई उच्च प्राथमिकतामा राखेको बताइन् ।

झापा जिल्ला देशको नेतृत्व जन्माउने विशेष पहिचान बोकेको जिल्ला भएको उल्लेख गर्दै मन्त्री रावलले सोहीअनुसार काम गर्न स्थानीय तहका प्रतिनिधिहरूलाई निर्देशन दिइन् ।

काम अघि बढाउन कुनै बाधा वा समस्या भए आफू सहयोग गर्न तयार रहेको बताउँदै उनले भनिन्, 'बाधा-अड्चन छन् भने मन्त्री तपाईंहरुको पछाडि छ, बाटो खोल्न तयार छु । यहाँ गतिशील काम हुनुपर्छ । सोहीअनुसार काम गर्नुहोस् ।'

उनले आगामी दिनमा पुनः जिल्ला भ्रमणमा आउँदा भूमिहीनको समस्या समाधानका लागि भइरहेको काममा उल्लेख्य प्रगति देख्न चाहेको बताइन् । साथै, लालपुर्जा वितरणको कामलाई समेत तीव्रता दिनुपर्नेमा जोड दिइन् ।

सरकारले निर्धारण गरेका प्राथमिकताका आधारमा स्थानीय तहले काम अघि बढाउनुपर्ने बताउँदै मन्त्री रावलले कतिपय विषयमा झारा टार्ने हिसाबले काम भइरहेको देखिएको भन्दै त्यसो नगर्न सचेत गराइन् । मन्त्री रावलले जिल्ला भूमि समस्या समाधान समितिका पदाधिकारी, प्रशासनका प्रमुख तथा सहकारी क्षेत्रका प्रतिनिधिहरूसँग समेत छलफल गर्ने कार्यक्रम रहेको छ ।

त्यसैगरी, स्थानीय नागरिकसँग अन्तरक्रिया गरी भूमिहीन तथा सुकुम्बासीका समस्या, सहकारी क्षेत्रका गुनासा र भूमि व्यवस्थापनसँग सम्बन्धित विषयमा छलफल गरिने जनाइएको छ । अन्तरक्रियाका क्रममा मन्त्रालयबाट हालसम्म भएका काम, समस्या समाधानका लागि अघि बढाइएका प्रयास, आगामी योजना तथा नागरिकका गुनासा सम्बोधन गर्ने उपायबारे जानकारी आदानप्रदान गरिनेछ ।

मासु..... बिक्री-वितरण गरेको पाइएमा त्यस्ता सामग्री जफत गरी नष्ट गर्ने निर्णयसमेत गरेको छ ।

यसैगरी, दमक क्षेत्रभित्र सिटी रिक्सा तोकिएको स्थानमा मात्र पार्किङ गर्नुपर्ने र निर्धारित भाडादरभन्दा बढी रकम लिन नपाइने निर्णय गरिएको छ । बैठकले चाडपर्वका बेला उपभोक्ताको हितलाई प्राथमिकता दिँदै बजारमा स्वच्छता, गुणस्तर र मूल्यमा एकरूपता कायम गर्न सम्बन्धित सबै व्यवसायी तथा सरोकारवालालाई निर्णय कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेको छ ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

खेलकुद

एनपीएलमा काठमाडौं चार विकेटले विजयी



दमक/ काठमाडौंविरुद्ध कर्णालीका कप्तान सोमपाल कामी र हुसेन तलातले दुईदुई विकेट हात पार्दा मार्क वाट र नन्दन यादवले एकएक विकेट लिए ।

काठमाडौं गोर्खाजले कर्णाली याक्सविरुद्ध सानदार जित निकालेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गत सोमबार भएको खेलमा टस जितेर पहिला बलिङ गरेको काठमाडौं चार विकेटले विजयी भएको हो ।

सुरुमा ब्याटिङ गरेको कर्णाली याक्सले दिएको १८१ रनको लक्ष्य काठमाडौंले दुई बल बाँकी हुँदा छ विकेटको क्षतिमा पूरा गरेको हो ।

काठमाडौंको जितमा कप्तान करण केसीले विष्फोटक ब्याटिङ गर्दै २० बलमा ४४ रन जोडे । उनले तीन छक्का र चार चौका हिर्काए । उसका लागि रसिद खानले अर्धशतक बनाए । उनले ३२ बल खेल्दा तीन चौका र दुई छक्का हिर्काएर ५० रन पूरा गरेका हुन् ।

अन्तिममा विष्फोटक ब्याटिङ गर्दै काठमाडौंका जहानदाद खानले १० बलको सामना गर्दा दुई छक्का र एक चौकाको महतमा २२ रन बनाए । उसका लागि ओपनर डेबिड वार्नरले १० बलमा १६ रन बनाउँदा मोहमद आदिल आलमले २० रन थपे । स्मित पटेलले ९ रन जोड्दा भीम सार्की ५ रनमा आउट भए ।

सुरुमा ब्याटिङ गरेको कर्णालीले ६ विकेटको क्षतिमा पूरै २० ओभर खेल्दै १८० रन बनाएको थियो।

कर्णालीका लागि ओपनर आरिफुल इस्लामले सर्वाधिक ४४ रन बनाए । २२ बलको सामना गर्दा उनले पाँच चौका र तीन छक्का प्रहार गरे । त्यसैगरी हसन तलातले ३० बलमा ४० रन बनाउँदा पवन सराफले नटआउट ३० रन बनाए ।

त्यसैगरी कर्णालीका लागि गुल्सन झाले १२ बलमा दुई छक्काको मद्दतमा २० रन जोडे भने मार्क वाटले २० बल खेलेर १७ रन बनाए । आजको खेलमा दिपक डुम्रे भने ८ रन बनाउँदा आउट भएका थिए । कप्तान सोमपाल कामी दुई बलको सामना गर्दा १ रनमा सीमित भए ।

कर्णालीलाई सस्तैमा रोक्न काठमाडौंका कप्तान करण केसीले दुई विकेट हात पार्दा साहब आलम, जहानदाद खान, देव साह र सन्तोष यादवले एकएक विकेट हात पारे ।

कर्णाली यसअघिका दुई खेलमा जित निकाल्दै चार अंक जोडेर शीर्ष स्थानमा कायम छ । पहिलो खेलमा पराजित काठमाडौंले पहिलो जित निकाल्दै दुई अंक जोडेको हो ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

सूचना ! सूचना !! सूचना !!



जिल्ला झापा हल्दिबारी गाउँपालिका वडा नम्बर ५ बस्ने भारतिय आर्मी नम्बर ५४११४८७A दर्जा RANK HAV REGT पल्टन ११ GR को श्री कालु सिंह तामाङको नाति श्री धन सिंह तामाङको छोरा भारतीय सैनिक श्री डम्बरबहादुर तामाङको एकमात्र श्रीमती जिल्ला पाँचथर फालेलुङ गाउँपालिका वडा नम्बर ५ बस्ने श्री वाङ्दु लामाको नातिनी श्री मोतीलाल तामाङको छोरी सुक माया लामाको नाम श्रीमानको भारतीय दस्तावेजमा श्रीमती सन्त कुमारी राई लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती सुक माया लामा कायम गर्नको निम्ति सर्वसाधरणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बीमालेख हराएको सुचना

लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (एलआईसी, नेपाल) विर्तामोड बाट जारी गरीएका निम्न बीमालेख हराएको हुँदा प्रतिलिपी बीमालेख पाउनाका निमित्त निवेदन प्राप्त भएबमोजिम सुचना प्रकाशित गरिएको छ ।

तपसिल नाम	पोलिसी नं.
१. सिमला कुमारी खड्गी	२०००९१४७८
२. सुर्दशन घिमिरे	२०००१११३३
३. मोहमद मोफिल मियाँ	२०००१०५७५
४. कमला श्रेष्ठ	२०००१६४०७

नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.
गौरादह-३ झापा, सम्पर्क नं. ०२३-४८०२९२/९८५२६८०२९२

◆ प्रधान सम्पादक/प्रकाशक: गङ्गबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com